# किन संरक्षण गर्ने ?

# कस्तुरी मृग

## Musk Deer



Photo by: Pratap Gurung / Hem Bdr. Katuwal

- नेपालमा पाईने ३ प्रजातिका कस्तुरी मृगहरु लोप हुने (संकटापन्न) अवस्थामा भएकाले ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ अनुसार कस्तुरी मृग संरक्षित जनावर हो ।
- भावीपुस्ताले कस्तुरी मृगहरु प्राकृतिक वासस्थानमा देख्न पाउने सुनिश्चितता गर्नकालागि ।
- कस्तुरी मृगहरुको अवलोकनबाट पर्या-पर्यटनमा वृद्धि भई स्थानियको विकासको संभावना हुनाले ।

**"नमारौं कस्तुरी मृग नथापौं पासो**
**जोगाऔं सबैले भावीपुस्ताको नासो ।"**

The Rufford Foundation
www.rufford.org @ruffordgrants

थप जानकारीको लागि :
साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउन्डेशन
काठमाण्डौं, नेपाल
वेभसाइट: www.smcrf.org
ईमेल: info@smcrf.org

SMCRF

## कस्तुरी मृग संरक्षणका चुनौतीहरु

- बासस्थानको विनाश
  - मानिसहरुबाट बासस्थानको आगजनी र अतिक्रमण
  - घरपालुवा पशुहरुबाट अतिचरण
- कस्तुरी मृगको शिकार
- परजिवी तथा जनावरमा लाग्ने रोगहरु पनि केहि हदसम्म समस्या हुन सक्छ



पासोमा परेर मरेका कस्तुरी मृग



कस्तुरी मृगको बड्कौला

कस्तुरी मृगमा लाग्ने परजिविहरु

## संरक्षणका लागि कानुन

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले कस्तुरी मृगलाई संरक्षित सुचिमा राखेको छ र यसको शिकार गर्न निषेध गरिएको छ।
- कुनै पनि व्यक्तिले कस्तुरी मृगको शिकार गरेमा वा घाइते बनाएमा, कस्तुरीको वीना खरिद वा बिक्री गरेमा वा ओसार पसार गरेमा पचास हजारदेखि एक लाख रुपैयासम्म जरिवाना वा पाँच देखि पन्ध्र वर्षसम्म जेल सजाय वा दुवै सजाय हुनसक्छ।
- कसूर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानी जानी मद्दत दिएमा त्यस्ता मद्दत गर्ने मतियारलाई पनि कसूरदारलाई हुने सजाय सरह नै सजाय हुन्छ।

थप जानकारीको लागी
साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउन्डेशन
काठमाण्डौं, नेपाल
पोष्ट बक्स नं. १०९२
इमेल: info@smcrf.org, smcrfnepal@gmail.com
bishnu.achhami@gmail.com
वेभसाइट: www.smcrf.org

NTNC

The Rufford Foundation
www.rufford.org @ruffordgrants


SMCRF

Concept and Design: Bishnu Achhami




# कस्तुरी मृग सुन्दर तर दुर्लभ जनावर हो
# यसको संरक्षणको लागि हातेमालो गरौं।

## परिचय


Photo credit: Paras Bikram Singh

विश्वमा सात प्रजातीका कस्तुरी मृगहरु पाइन्छन् । नेपालमा भने सेतोकण्ठे, सुनकण्ठे र कालो गरी तीन प्रजातीका कस्तुरी मृगहरु पाइन्छन् । कस्तुरी मृग यसको वीनाको लागी प्रसिद्ध छ, वीना भाले कस्तुरीको नाभिभन्दा तल्लो भागमा रहेको हुन्छ । वीना लगायत अन्य ग्रन्थबाट निस्कने बास्ना प्रयोग गरी भाले र पोथीबीच सम्बाद सञ्चार गर्दछन् । यिनीहरुले सधै एकै ठाउँमा बड्कौला थुपारेर आफ्नो बासस्थानक्षेत्रको निर्धारण गर्ने गर्दछन् । यिनीहरु भेडा र च्याङ्ग्रा भन्दा साना (५० - ५३ से.मि. उचाई) हुन्छन् । यिनीहरुको तौल १७ के.जी. वा सोभन्दा कम हुन्छ । भाले पोथी दुवैको शरीर बाक्लो तथा खस्रा रौंहरुले ढाकेका हुन्छन् । जसले गर्दा यिनीहरुको शरीरलाई न्यानो बनाई राख्दछ । यिनीहरुको सिङ हुदैन, कान लामा हुन्छन् र पुच्छर अत्यन्तै छोटो हुने भएकाले प्रष्ट नदेखिन सक्छ । भालेको प्रष्ट देखिने दाह्रा हुन्छ र सो उमेर अनुसार बढ्दै जान्छ । यिनीहरुको पछाडिका खुट्टा अगाडिका भन्दा लामा हुन्छन् । यिनीहरुको खुट्टाको बनोटले गर्दा भिरालो जमिन र चट्टानको पहाडमा चढ्न सक्छन् । कस्तुरी मृग लजालु हुन्छन् र सूर्यास्त र सूर्योदयको बेला सकिय हुन्छन् ।

## बासस्थान


Photo credit: Hari Basnet

कस्तुरी मृग नेपाल, भारत, भुटान, चीन गरी एसियाका १३ वटा देशमा पाइन्छन् । यिनीहरु नेपालको हिमाली क्षेत्र र पूर्वी तथा दक्षिणी तिब्बती पठारमा पाइन्छन् । नेपालमा समुन्द्री सतहदेखि २,५०० देखि ४,३०० मी. सम्मको उचाइमा रहेका कोणधारी र झाडिदार जंगल यिनीहरुको मुख्य बासस्थान हो ।


## आहारा

- कस्तुरी मृग शाकाहारी जनावर हो ।
- यसले पात, बिरुवाको टुसा, फुल, घाँस, रुखका बोका, झयाउ, सुकेका पात आदि खान्छ ।

## कस्तुरी मृगको संरक्षण किन गर्ने

- नेपालमा पाइने तीनै प्रजातीका कस्तुरी मृगलाई आ.यु.सि.यन.को रातो सूचीमा संकटापन्न वन्यजन्तुको अवस्थामा राखिएको छ र यिनीहरुको संख्या घट्दो कममा छ ।
- यिनीहरु हिमाली पारिस्थितिक प्रणालीका सुचक प्रजाती हुन् ।

## कसरी संरक्षण गर्ने


Photo credit: Paras Bikram Singh

- कस्तुरी मृगको बासस्थानलाई मानवीय अतिकमणबाट जोगाउने ।
- चोरी शिकार रोक्ने, साथै कसैले चोरी शिकार गरेको थाहा पाए नजिकैको राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, वन कार्यालय, सुरक्षा निकाय, गाउँपालिका कार्यालय वा स्थानीय जनप्रतिनिधिलाई जानकारी गराउने । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले चोरी शिकार सम्बन्धि जानकारी गराउने व्यक्तिलाई पुरस्कारको व्यवस्था गरेको छ ।
- कस्तुरी मृग सम्बन्धि जनचेतना फैलाउने ।
- विद्यालय स्तरको पाठ्यकममा कस्तुरी मृग लगायत अन्य संरक्षित दुर्लभ वन्यजन्तुको आवश्यकता र संरक्षणको विषयलाई समावेश गर्ने ।